नेपाल सरकार
शिक्षा मन्त्रालय
# शिक्षा विभाग
(........शैक्षिक गुणस्तर प्रवर्धन शिक्षा....................शाखा)

पत्र संख्या :-

चलानी नं. :- ६

सानोठिमी, भक्तपुर
मिति : २०७३/४/५

विषय : निर्देशन सम्बन्धमा ।

श्री क्षेत्रीय शिक्षा निर्देशनालय, ५ ओटै विकास क्षेत्र ।
श्री जिल्ला शिक्षा कार्यालय, ७५ ओटै जिल्ला ।

प्रस्तुत विषयमा राष्ट्रिय परीक्षा बोर्ड सानोठिमी, भक्तपुरको च.नं. ३८ मिति २०७३/३/२८ को पत्रानुसार शिक्षा मन्त्रालयको च.नं. ७२० मिति २०७३/०३/२७ को पत्र बमोजिम गठन भएको जिल्ला समन्वय समितिको गठन र सोको काम, कर्तव्य र अधिकारसम्बन्धी देहायको व्यवस्था सम्पूर्ण क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयहरुमा निर्देशित गर्न लेखी आएकोले सो अनुसार गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

साथै उक्त पत्रानुसार अनुरोध भइ आए बमोजिम राष्ट्रिय परीक्षा बोर्डबाट सञ्चालन हुने सबै खाले वार्षिक परीक्षा, विशेष पाठ्यक्रमतर्फको वार्षिक परीक्षा तथा वैदेशिक शिक्षण संस्थामार्फत खुला विद्यालय पद्धतिबाट उपाधि प्राप्त गरी समकक्षता प्राप्त गर्ने विद्यार्थीहरुको परीक्षा एवम् एसएलसी कक्षा १० को ग्रेड वृद्धि मौका परीक्षा लगायतका परीक्षाहरु व्यवस्थित र मर्यादित ढङ्गले सञ्चालन/व्यवस्थापनका लागि उपयुक्त समन्वयसहित आवश्यक व्यवस्था गर्नु गराउनु हुन समेत निर्देशानुसार अनुरोध छ ।

तपसिल

जिल्ला परीक्षा समन्वय समितिको गठन र कार्य क्षेत्रसम्बन्धी व्यवस्था

**१. जिल्ला परीक्षा समन्वय समितिको गठन विधि :**

कक्षा १० को SLC परीक्षा र कक्षा ११/१२ को परीक्षा र सोसंग सम्बन्धित परीक्षाहरूलाई जिल्ला तहमा व्यवस्थित तथा मर्यादित रूपमा सञ्चालन गर्नको लागि प्रत्येक जिल्लामा देहायका सदस्यहरू रहेको जिल्ला परीक्षा समन्वय समिति गठन गर्ने :

| | | |
|---|---|---|
| क) | प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| ख) | स्थानीय विकास अधिकारी | सदस्य |
| ग) | प्रमुख, जिल्ला प्रहरी कार्यालय | सदस्य |
| घ) | प्रमुख, जिल्ला स्थित नेपाली सेना | सदस्य |
| ङ) | प्रमुख, जिल्ला स्थित सशस्त्र प्रहरी बल | सदस्य |
| च) | प्रमुख, जिल्ला स्थित राष्ट्रिय अनुसन्धान विभाग | सदस्य |
| छ) | जिल्ला शिक्षा अधिकारी | सदस्य-सचिव |

**२. जिल्ला परीक्षा समन्वय समितिको काम, कर्तव्य र अधिकार**

क) परीक्षा केन्द्र निर्धारण गर्ने ।

ख) केन्द्राध्यक्ष र अन्य आवश्यक कर्मचारी नियुक्ति गर्ने/गराउने ।

ग) आ-आफ्नो जिल्लाभित्र मर्यादित र निष्पक्ष ढङ्गले परीक्षा सञ्चालन गर्ने/गराउने ।

घ) परीक्षा केन्द्रको नियमित निरीक्षण अनुगमनको व्यवस्था गर्ने/गराउने ।

ङ) प्रत्येक परीक्षा केन्द्रको प्रश्नपत्र नजिकको सुरक्षा निकायमा राख्न लगाउने, प्रश्नपत्रको सुरक्षा व्यवस्था मिलाउने, परीक्षा तालिकाअनुसारको दिनमा मात्र अनिवार्य रुजु गरेर सो दिनको प्रश्नपत्र परीक्षा केन्द्रमा उपलब्ध गराउने र परीक्षा केन्द्रमा केन्द्राध्यक्षले सुरक्षाकर्मीसहित तीनजनाको रोहवरमा मात्र प्रश्नपत्रको प्याकेट खोल्ने व्यवस्था मिलाउने ।

च) शिक्षा मन्त्रालय, राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयहरूले दिएको निर्देशनबमोजिमको कार्य गर्ने/गराउने ।

छ) प्रत्येक परीक्षा सम्पन्न भए पश्चात् परीक्षा सम्बन्धी भए गरेका काम कारबाही समेटी सुझावसहितको प्रतिवेदन परीक्षा नियन्त्रण कार्यालयमार्फत राष्ट्रिय परीक्षा बोर्ड समक्ष पेस गर्ने ।

२०७३।४।६

.....................................
विष्णुप्रसाद अधिकारी
उपनिर्देशक